# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, माघ २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ३८

## भाग ३

### प्रदेश सरकार

## कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।१०।२४ को निर्णयानुसार "पाल्पा दरबार संग्राहालय विकास समिति (गठन) आदेश, २०७८" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

## पाल्पा दरबार संग्रहालय विकास समिति (गठन) आदेश, २०७८

विकास समिति ऐन, २०१३ को दफा ३क ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "पाल्पा दरबार संग्रहालय विकास समिति (गठन) आदेश, २०७८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिमको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य- सचिवलाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित पाल्पा दरबार संग्रहालय विकास समिति सम्झनु पर्छ ।

(ज) "संग्रहालय" भन्नाले पाल्पा दरबार संग्रहालय सम्झनु पर्छ ।

**३. <u>समितिको गठनः</u>** (१) संग्रहालयको संरक्षण तथा विकासको लागि पाल्पा दरबार संग्रहालय विकास समिति नामको देहाय बमोजिमको समिति गठन गरिएको छ ।

(क) मन्त्रालयको सचिव - अध्यक्ष

(ख) महाशाखा प्रमुख (संस्कृति हेर्ने) मन्त्रालय - सदस्य

(ग) वडा अध्यक्ष, पाल्पा दरबार संग्रहालय रहेको वडा, तानसेन नगरपालिका - सदस्य

(घ) संस्कृति, संग्रहालय वा पुरातत्त्व विषयका विज्ञहरु मध्येबाट प्रदेश सरकारद्वारा मनोनीत एक जना - सदस्य

(ङ) स्थानीय समाजसेवीहरु मध्येबाट प्रदेश सरकारद्वारा मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समितिको हित विपरीत काम गरेमा वा आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. **<u>समितिको काम, कर्तब्य र अधिकारः</u>** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संग्रहालयको विकास सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) संग्रहालयका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने,

(ग) संग्रहालयमा संकलन गरिएका ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका वस्तु तथा कलाकृतिलाई शैक्षिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले गुणस्तरयुक्त तुल्याई अन्तर्राष्ट्रियस्तरको संग्रहालयको रुपमा विकास गर्ने,

(घ) संग्रहालय प्रवेश शुल्कको निर्धारण गर्ने र असुल गर्ने,

(ङ) संग्रहालयमा राखिएका कलाकृतिहरुको संरक्षण तथा सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(च) ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वका वस्तुहरु खरिद वा प्राप्त गरी संग्रहालयमा प्रदर्शनीको व्यवस्था गर्ने,

(छ) संग्रहालयमा रहेका पुरातात्त्विक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको मर्मत सम्भार गर्ने,

(ज) पाल्पा दरबारसँग सम्बन्धित सम्पदाको खोजी गरी लगत राख्ने,

(झ) संग्रहालयमा रहेका कलाकृतिको बारेमा कलाविद्‌हरुबाट अन्वेषण तथा अनुसन्धान गराउने,

(ञ) संग्रहालयको विकास तथा विस्तारको लागि स्थानीय तह तथा समुदायको सहकार्यमा आवश्यक काम गर्ने,

(ट) पाल्पा दरबारलाई पर्यटन केन्द्रको रुपमा विकास गर्ने,

(ठ) पाल्पा दरबार परिसरमा रहेका अन्य सम्पदाको संरक्षण गरी उक्त परिसर सौन्दर्यता र आकर्षक अभिवृद्धि गर्ने अन्य कार्य गर्ने,

(ड) समितिको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ढ) संग्रहालयको प्रबन्ध तथा विकास सम्बन्धी अन्य आवश्यक कार्य गर्ने वा गराउने ।

**(५) <u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्तु भन्दा कम्तीमा दुई दिन अगावै बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा उपस्थित सदस्यको बहुमतका राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको राय निर्णायक हुनेछ ।

(६) समितिले आवश्यकतानुसार संग्रहालय सम्बन्धी विज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **पुरातात्त्विक वस्तुको स्वामित्वः** संग्रहालयमा रहेका सम्पूर्ण पुरातात्त्विक वस्तुको स्वामित्व प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा रहनेछ ।

७. **कार्यकारी निर्देशकः** (१) संग्रहालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) मन्त्रालयले प्रदेश सरकारको कम्तिमा सातौं तहको अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा कार्य गर्ने गरी तोक्नेछ ।

(३) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्य सञ्चालनको लागि समितिमा आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत भए बमोजिमको संख्यामा कर्मचारीहरु रहने छन् ।

(२) समितिका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारीको नियुक्ति नभएसम्मको लागि प्रदेश सरकारले प्रदेश सरकारको कुनै कर्मचारीलाई समितिबाटै तलब भत्ता खाने गरी समितिमा काजमा खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिमा काज खटिएका कर्मचारी विभागीय कारवाही त्यस्तो कर्मचारीको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम समितिमा काजमा खटिएका कर्मचारीलाई विभागीय कारवाही गर्नु पर्ने भएमा समितिले सो कर्मचारी उपर कुन आरोप लागेको हो त्यसको स्पष्ट कारण खुलाई विभागीय कारवाहीको लागि प्रदेश सरकारमा पेश गर्नु पर्नेछ ।

**९. <u>समितिको कोषः</u>** (१) समितिको एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्था वा व्यक्तिबाट प्राप्त रकम

(ग) संग्रहालय प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्क वापत प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको रकम समितिको कोषमा जम्मा गर्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिले उपदफा (१) को खण्ड (ख) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा रहने रकम समितिले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(६) समितिको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१०. <u>लेखा र लेखापरीक्षणः</u>** (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण समितिले तोकेको लेखापरीक्षकले गर्नेछ ।

(३) समितिको लेखाको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

**११. <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः</u>** (१) समितिले आफ्नो कार्य सुचारु रुपमा सम्पादन गर्नको लागि आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको कार्यक्षेत्रगत शर्त तथा कार्यविधि त्यस्तो उपसमिति वा कार्यटोली गठन गर्दाको बखत समितिले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**१२. <u>अधिकार प्रत्यायोजनः</u>** समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, समितिको कुनै सदस्य, दफा ११ बमोजिम गठित उपसमिति वा कार्यटोली, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१३. <u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) समितिले आफूले वर्षभरि सम्पादन गरेको कामको संक्षिप्त विवरण, समितिले गरेको आम्दानी तथा खर्च, काम कारबाही गर्दा देखिएका समस्या, लेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित संक्षिप्त व्यहोरा तथा भविष्यमा सञ्चालन गर्ने योजना तथा कार्यक्रम समेत समावेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्न सक्नेछ ।

**१४. आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेः** समितिले प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने गरी कुनै निर्णय गर्दा वा कार्यकारी निर्देशक तथा समितिका कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्दा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ ।

**१५. निर्देशन दिन सक्नेः** प्रदेश सरकारले समितिलाई आवश्यकतानुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१६. बैठक भत्ताः** समितिका सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन् ।

**१७. समितिको कार्यालय र नामः** (१) समितिको कार्यालय पाल्पा जिल्लाको पाल्पा दरबार क्षेत्रमा रहनेछ ।

(२) समितिको कार्यालय "पाल्पा दरबार संग्रहालय" को नामबाट प्रचलित हुनेछ ।

**१८. प्रदेश सरकारसँग सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**१९. विनयम बनाउने अधिकारः** (१) समितिले यस आदेशको उद्देश्य कार्यान्वयनको लागि आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भए पछि मात्र लागू हुनेछ ।

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय